# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास क्यानबेरामा आज अष्ट्रेलियाका विभिन्न राज्यहरूमा कार्यरत अवैतनिक नेपाली महावाणिज्यदूत/वाणिज्यदूतहरूको परामरर्श वैठक सम्पन्न भएको छ। उक्त वैठकमा श्री दीपक कुमार खड्का, महावाणिज्यदूत न्यूसाउथवेल्स, श्री चन्द्र योन्जन, महावाणिज्यदूत भिक्टोरिया, श्री दिपक धमला, वाणिज्यदूत साउथ अष्ट्रेलिया, श्री फ्रेडरिक निल व्राउन, वाणिज्यदूत वेस्टर्न अष्ट्रेलिया, श्री जोशेफ एन्थोनी टुमा, वाणिज्यदूत क्वीन्सल्याण्ड सहभागी हुनुभएको थियो ।

वैठकमा महामहिम राजदूत श्री लक्की शेर्पाले महावाणिज्यदूत तथा वाणिज्यदूतहरूले गरिरहेको कार्यको सहाहना गर्दै नेपालको पछिल्लो राजनैतिक विकास पश्चात अन्तर्राष्ट्रिय जगतमा नेपालको पहिचान अभिवृद्धि गर्ने क्रममा अवैतनिक महावाणिज्यदूतावास/वाणिज्यदूतावासले अझ बढी योगदान पुर्याउनुपर्नेमा जोड दिनुभयो। अष्ट्रेलियामा नेपालीको बढ्दो संख्यालाई दृष्टिगत गरी आगामी दिनमा निम्न विषयहरू थप प्राथमिकतामा राख्नुपर्ने निर्णय बैठकले गरेको छः

- नेपाल अष्ट्रेलिया बीच व्यापार वाणिज्य तथा लगानीका अवसरहरूको विस्तार गर्नका लागि प्रत्येक महावाणिज्यदूतावास/वाणिज्यदूतावासहरूमा Nepal-Australia Trade and Commerce Team स्थापना गरी कार्य गर्ने,
- बढ्दो नेपाली विध्यार्थीहरूको संख्यालाई दृष्टिगत गरी गैह्रआवासीय नेपाली संघ (NRNA) तथा नेपाली शैक्षिक परामर्शदाताहरूसँग सहकार्य गरी विध्यार्थी कल्याणकारी कार्यक्रम ल्याउने,
- प्रत्येक वर्ष अष्ट्रेलियाका विभिन्न शहरहरूमा आर्थिक सम्मेलन गरी नेपालको उत्पादन तथा उध्योग व्यवसाय प्रवर्द्धन गर्ने
- नेपाल तथा अष्ट्रेलियाका शहरहरूको आर्थिक, भौगोलिक, जनसांखिक, साँस्कृतिक समानताको पहिचान गरी सो आधारमा ती शहरहरूबीच भगिनी सम्बन्ध कायम गर्ने
- खेल कूटनीतिको माध्यमबाट नेपाल अष्ट्रेलिया बीचको सम्बन्धलाई जनस्तरसम्म अझ मजबूत बनाउँदै लैजाने
- दुई देशको बहुसाँस्कृतिक आयामलाई थप प्रभावकारी बनाउनका लागि साँस्कृतिक कार्यक्रमहरूको आदान प्रदान गर्ने तर्फ कार्य गर्ने
- दुई देश बीच उच्च स्तरीय राजनैतिक, शैक्षिक, व्यापारिक भ्रमणहरू आदानप्रदान गर्नेतर्फ महावाणिज्यदूतावास/वाणिज्यदूतावासहरू प्रयासरत रहने

नेपाली राजदूतावास क्यानबेरा

१३ भाद्र २०७४